सम्पादकीय

## अन्धविश्वासले निम्त्याएको क्रूरता

रसुवाको यार्सा–९ घोर्मु गाउँका ५५ वर्षीय तुलु सार्की थिङलाई बोक्सोको आरोपमा हत्या गरेको घटनाले नेपाली समाजलाई अन्धविश्वासले कति गहिरोसँग जकडेको छ भन्ने कुरालाई त देखाउँछ नै अन्धविश्वासका कारण मानिस कतिसम्म निर्दयी हुन सक्छ भन्ने तथ्यलाई पनि उजागर गरिदिएको छ। जिल्ला सदरमुकामबाट करिब १५ कोस दक्षिणको गाउँमा थिङको जे जसरी हत्या भयो, त्यो सुन्दा नै आङ सिरिङ हुने खालको छ। अनि हत्यामा संलग्नहरू आफ्नै नातेदार भएको घटनाले त झन् मानिस अन्धविश्वासका कारण कति अन्धो र क्रूर हुँदो रहेछ भन्ने कुरालाई छर्लंग पारिदिएको छ। प्रहरीको प्रारम्भिक अनुसन्धानले भतिजा नाता पर्ने कान्छा शेर्पा थिङको घरमा बोलाएर तुलुको हत्या गरेको पत्ता लागेको छ। रक्सी खुवाएर बेहोस बनाएपछि कपडामा आगो सल्काई मुखमा लगाएको र त्यसपछि खाल्डामा गाडिएको भनी अभियुक्तहरूले नै दिएको बयानले क्रूरताको परकाष्ठा देखाउँछ।

हत्याका अभियुक्तहरू कान्छा शेर्पा थिङसहित ल्वाङबुटी तामाङ र साइँला भन्ने छेनोर्बु थिङलाई प्रहरीले पक्राउ गरिसकेको छ। घटना लुकाउन गाउँले सबै चुपचाप रहेकामा हल्लाकै भरमा प्रहरीले थालेको अनुसन्धानले यस्तो डरलाग्दो रहस्य फेला पारेको हो। बोक्सोको आरोपमा विगतमा पनि उनीमाथि स्थानीयले पटक–पटक यातना दिएको र अहिले जिउँदै आगो सल्काएर हत्या गरेको घटना अन्धविश्वासले निम्त्याएको नेपाली समाजको कलंक हो। तुलुलाई यसअघि बोक्सो आरोपमा कालोमोसो लगाइएको थियो। पछि फेरि भेदेर बिरामी बनाएको भन्दै उनलाई बोक्सो आरोपमा यातना दिनुका साथै मानव मलमूत्र खुवाई जुत्ताको माला लगाइएको थियो। यस्तो अमानवीय व्यवहार गरेपछि ज्याला मजदुरी गर्न तिब्बतको केरुङ गएका तुलुलाई भतिजा कान्छा थिङले बोलाएर मात्रै ल्याएनन्, हत्यासमेत गरे। र, कान्छाकै दबाबमा स्थानीय गाउँले घटनाबारे चुपचाप बसेको प्रहरी अनुसन्धानले देखाएको छ।

अन्धविश्वासका कारण भएको यो घटनाले गाउँमा निम्सरा व्यक्तिले कतिसम्म अमानवीय व्यवहार भोग्नुपर्छ र बलियाले कसरी डर त्रासमा सिंगो समुदायलाई नै आफ्नो पकडमा राख्छन् भन्ने तथ्यको पनि उजागर गरेको छ। अन्यथा तुलुले यसरी पटक–पटक अमानवीय व्यवहार भोग्दै अन्त्यमा हत्याको नियति भोग्नुपर्ने थिएन। विगतमा पनि मुलुकका विभिन्न स्थानमा बोक्सीको आरोपमा यातना र अमानवीय व्यवहार भोग्नुपरेको घटना सार्वजनिक हुने गरेका थिए। विगतका घटनाहरूलाई हेर्ने हो भने धेरैजसो लैंगिक हिसाबले महिलामाथि र भौगोलिक हिसाबले तराई/मधेसमा बोक्सीको आरोप लगाउने र त्यसको नाममा यातना र अमानवीय व्यवहार गरिएका घटनाहरू सार्वजनिक हुने गरेका थिए। तर, बुझ्नुपर्ने तथ्य के हो भने यस्तो अन्धविश्वास नेपाली समाजमा जताततै व्याप्त छ। अनि यो समाजमा जो निम्सरो र असहाय छ, उसैलाई लगाउने गरिन्छ। विगतका घटना पनि निम्सरा र असहायमाथि नै हुने गरेको हो र अहिले तुलुको घटनामा पनि त्यस्तै हो।

सर्वप्रथम यस किसिमको आपराधिक घटनामा संलग्न व्यक्तिहरूलाई हदैसम्मको सजाय हुनुपर्छ/दिनुपर्छ। ताकि अन्य व्यक्तिले फेरि पनि त्यस किसिमको घटना घटाउने दुस्साहस नगरून्। अनि तुलुको जस्तो नियति अर्को नेपालीले भोग्न नपरोस्। नेपाली समाजमा जकडिएको यस किसिमको अन्धविश्वासलाई जरैदेखि निमिट्यान्न पार्न पनि जनस्तरमा नै चेतनाको विकास गराउन आवश्यक छ। यस किसिमका कुरीति र अन्धविश्वासका विरुद्ध अभियान नै सञ्चालन गर्नुपर्छ। यस किसिमको चेतना जगाउन राज्य र यसका अंगहरू त लाग्नै पर्छ। त्यसका अतिरिक्त नागरिक समाजदेखि स्थानीय तहमा गठित विभिन्न संघसंस्थाहरूका साथै शिक्षित जमातको सक्रिय सहभागिता पनि उत्तिकै आवश्यक छ।

# नयाँ नगरपालिकाको अवसर र चुनौती



डा. दुण्डिराज पाठक

**नगरपालिका हुनेबित्तिकै राज्यलाई बढी कर तिर्नुपर्ने हुँदा त्यसको सदुपयोग भयो कि भएन भनी खबरदारी गर्न नगरवासी जागरूक हुनुपर्छ।**

नगरपालिका भन्ने बित्तिकै सहरी क्षेत्र भन्ने मानिसको बुझाइ छ, जुन स्वाभाविक पनि हो। तर पछिल्लो समय घोषणा गरिएका नगरपालिका त के दशकौं पहिलेदेखिका हाम्रा नगरपालिकाको स्थितिले भने यो बुझाइलाई गलत सावित गरिदिन्छ। जापानको हिरोसिमा विश्वविद्यालयमा नेपालको नगरपालिकाको फोहोर व्यवस्थापन सम्बन्धी अनुसन्धान गर्दै गरेका एक विद्यार्थी आफूले प्रस्तुतिका क्रममा नेपालका नगरपालिकालाई ग्रामीण र सहरी क्षेत्र भनेर वर्गीकरण गर्दा जापानी तथा अन्य विदेशीहरूलाई 'कन्भिन्स' गर्न साह्रै अप्ठ्यारो भएको अनुभव सुनाउँदै थिए। हाम्रा नगरपालिकाको भौतिक अवस्था नदेखेकाले नपत्याउनु स्वाभाविक नै हो। तर नेपालकै सहरी परियोजनाका लागि काम गर्ने धेरै विदेशी विज्ञहरूले तयार पार्ने प्रतिवेदनमा नगरपालिका भनेका सहरी क्षेत्रमात्र हुन् भन्ने बुझाइमा तयार पारेको प्रतिवेदनहरू प्रशस्तै पढ्न पाइन्छ। हाम्रा धेरैजसो नगरपालिकामा केही सीमित वार्डमात्रै सहरी क्षेत्रको रूपमा छन्, अधिकांश त अझै ग्रामीण क्षेत्र नै छन्। उदाहरणका लागि आजभन्दा झन्डै ५८ वर्ष अगाडि २०१५ सालमा नगरपालिका घोषणा भएको इलाम नगरपालिकाको केवल २ वटा वडामात्र सहरी क्षेत्रको रूपमा विकास भएको देखिन्छ भने बाँकी सबै वडाहरू अझै ग्रामीण क्षेत्र नै छ। आजभन्दा ३८ वर्ष अगाडि घोषणा भएका नगरपालिकाहरू जस्तै धनकुटा, घोराही आदिको पनि अवस्था त्यस्तै छ।

सहरी क्षेत्र भनेर निधारण गर्ने एउटा आधार जनघनत्व हो, जुन नेपालको हालको सहरी नीतिअनुसार सहरी क्षेत्र हुनका लागि एक हेक्टर क्षेत्रफलमा कम्तीमा १० जना बासिन्दा हुनुपर्छ। तर नेपालका नयाँ नगरपालिकाको त कुरै छोडौं, पुराना ५८ नगरपालिकाहरूमध्ये १५ वटा नगरपालिकाहरूमा प्रतिहेक्टर १० भन्दा कम छ। जनघनत्व बाहेक अरू सहरी पूर्वाधारहरूको अवस्था त झनै कहालीलाग्दो छ। दशकौं पहिले घोषणा गरिएका नगरपालिकाहरूमा समेत न्युनतम सहरी पूर्वाधार अहिलेसम्म पुऱ्याउन नसक्नु विडम्बनापूर्ण अवस्था हो। बिना योजना र पूर्वाधार जथाभावी सहरीकरण हुँदा/गर्दा पुराना नगरपालिकाहरू अस्तव्यस्त भएको छ। धेरैजसो नगरपालिकामा फोहोर व्यवस्थापन तथा ढल निकासको व्यवस्था, आवश्यक खुला स्थान, पार्क आदिको त कुरै छोडौं, न्युनतम आवश्यक सहरी मापदण्डको रूपमा रहेको सडकसमेत बनेको देखिँदैन।

### नयाँ नगरपालिकालाई अवसर

त्यसो त सहरीकरण नभइसकेका नयाँ नगरपालिकालाई पुराना नगरपालिकाको अस्तव्यस्त अवस्थाबाट सिक्दै व्यवस्थित बनाउने अवसर पनि छ। बिग्रिसकेको कामलाई सच्याउनभन्दा नयाँ कामको सुरुवात गरी सफलता पाउन सजिलो हुन्छ। नगरपालिका भइसकेपछि सबै नगरबासीहरू करको दायरमा आउने हुँदा नगरको पूर्वाधार विकासका लागि आन्तरिक आर्थिक स्रोत जुट्नु एउटा सकारात्मक पाटो हो। नगरपालिका हुने बित्तिकै राज्यलाई बढी कर तिर्नुपर्ने हुँदा त्यसको सदुपयोग भयो कि भएन भनेर खबरदारी गर्ने नगरवासीको जागरुकता व्यवस्थित विकासको लागि महत्त्वपूर्ण आधार हुनसक्छ। नगरपालिका भइसकेपछि पूर्वाधार विकासमा आवश्यक मापदण्ड लागु गराउन नियमनकारी भूमिकाका साथै व्यवस्थापकीय तथा प्राविधिक क्षमता बढ्नु नयाँ नगरपालिकाहरूको सवालमा अर्को राम्रो अवसर हो। नेपालजस्तो भूकम्पकीय जोखिम भएको ठाउँमा बस्ती विकासका लागि भवन आचारसंहिता लागु गराउने सुरुवाती र त्यसका लागि आवश्यक व्यवस्थापकीय तथा प्राविधिक पक्षको विकास कम्तीमा नगरपालिका भइसकेपछि हुने पक्का छ। यो नै नयाँ नगरपालिकाहरूको व्यवस्थित तथा सुरक्षित विकासको सुरुवाती कदम हो।

त्यस्तै नयाँ धेरै नगरपालिकाहरूले नगर यातायात गुरुयोजनाको तर्जुमा गरी सहरी सडकहरूको वर्गीकरण तथा आवश्यक मापदण्ड लागु गर्न सुरुवाती गर्नु व्यवस्थित सहरीकरणको अर्को सुखद पक्ष हो। भइसकेका वा पछि विस्तार गर्नुपर्ने सडक छेउमा घरहरूको निर्माण नभइसकेको अवस्थामा नगर यातायात गुरुयोजनाले तोके अनुसारको सहरी सडकको क्षेत्र अधिकार निर्धारण गर्न जति सहज छ, त्योभन्दा बढी त यसको सफल कार्यान्वयन गर्न सहज हुन्छ। किनभने सडकको क्षेत्र अधिकार मिचेर बनाइने घर तथा अन्य भौतिक संरचनाको नक्सा पास नहुने हुँदा नगरबासीहरू नगरपालिकाले तोकेको मापदण्ड पुरा गर्न सजग हुन्छन्। तर सफल कार्यान्वयनका लागि नगरपालिका इमानदार त हुनु नै पर्छ, साथै आफ्नो प्राविधिक क्षमता तथा नियमनकारी भूमिकालाई बढाउनु जरुरी हुन्छ।



### चुनौती पनि कम छैनन्

पुराना नगरपालिकाहरू यति अस्तव्यस्त भइसकेका छन्, जहाँ बिना मापदण्ड तथा बिना योजना सबै खेतीयोग्य जमिन तथा खुल्ला स्थान कंक्रिट जंगलमा परिणत भएका छन्। नत बाटो नै छ, न खानेपानी, न ढल निकास, नत फोहोर व्यवस्थापन। कुनै पूर्वाधारको विकास नै नभई हामीहरू सहरबासी हुन बाध्य छौं। यसलाई व्यवस्थित बनाउने प्रयास त भएको छैन नै, सहरीकरण नभइसकेका नगरपालिकाले समेत यही पद्धतिलाई अनुशरण गर्नु अचम्मलाग्दो छ।

आधारभूत सहरी पूर्वाधारहरूको विकास नै नगरी २/४ गाउँ मिसाएर नगरपालिका घोषणा गरिरहँदा नगरपालिकालाई योजनाबद्ध व्यवस्थित सहरीकरणको बाटोमा डोऱ्याउन जति चुनौतीपूर्ण छ, त्योभन्दा दुःखलाग्दो कुरा त नगरपालिका घोषणा भएको धेरै समय बितिसक्दा पनि पुरानो गाविस भवनलाई नै नगरपालिकाको कार्यालय बनाउनुपर्ने तथा न्युनतम आवश्यक कर्मचारी नहुनु हो। माथि भनिए जस्तै हालसालै तयार गरिएका वा तयारको चरणमा रहेका नगर यातायात गुरुयोजनाले सहरी सडकको न्युनतम क्षेत्राधिकार तोके पनि गाविस हुँदा बनाइएका बिना मापदण्डको साँघुरा बाटोहरू र त्यही बाटोसँगै जोडेर बनाइएका घरहरू तथा अन्य भौतिक संरचनालाई हटाई बाटो विस्तार गर्न भने त्यति सहज पक्कै छैन। भवन आचारसंहिता लागु गराउने तथा अन्य सहरी पूर्वाधार विकास गर्ने जिम्मेवारी पाएको निकायमा घरको नक्साको जाँच तथा अनुगमन गर्न सक्ने न्युनतम प्राविधिक जनशक्तिसमेत नहुनु लाजमर्दो अवस्था हो। राजनीतिक स्वार्थको कारण नगरपालिका सक्षम कर्मचारी छनोट गर्न असफल हुनु तथा केन्द्रीय निकायबाट नगरपालिकालाई सहयोगको नाममा पठाइएका जनशक्ति पनि नगरपालिकाको आवश्यकता अनुरूपका नभएको भनी नगरपालिकाबाट नै गुनासो आउनुले झनै चुनौती थपेको देखिन्छ।

पुराना नगरपालिकाको त कुरै छाडौं, भखरै घोषणा भएका नगरपालिकाको पनि चोक चोकमा थुपारिने फोहोरको डंगुर र सहरी क्षेत्रबाट बग्ने नदीमा पानी नभई ढलमात्र बग्नु सहरहरूको पहिचान भएका छन्। गाउँ हुँदासम्म फोहोर व्यवस्थापनको कुनै समस्या देखिँदैन, किनकि घर-घरमा नै व्यवस्थापन गरेको पाइन्छ। जब गाउँ सहरमा परिणत हुन्छ, तब सहरबासीमा नगरपालिकालाई कर तिरेकोले फोहोर व्यवस्थापन नगरपालिकाको काम हो भन्ने सोचको विकास भइसकेको हुन्छ। अनि घरको फोहोर अगाडिको बाटोमा फाल्ने प्रवृत्तिको विकास हुनथाल्छ, जुन नयाँ नगरपालिकाका लागि पनि गम्भीर चुनौतीको विषय हो।

राजधानी काठमाडौंको ससहरी दुरावस्थाको कारण पनि होला, नयाँ नगरपालिकाहरूमा फोहोर व्यवस्थापनका लागि जग्गा भन्ने बित्तिकै स्थानीयको अवरोध सुरु भइहाल्छ। यस लेखकले विभिन्न नगरपालिकाको फोहोर व्यवस्थापन रणनीति तथा कार्ययोजना तयारको सिलसिलामा नगरपालिकालाई फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्रको लागि जग्गा पहिचान गर्नु पहिलो आवश्यकता हो भन्दा नगरपालिकाको कर्मचारीले राखेको धारणा मननीय छ। ती कर्मचारीको भनाइ थियो, 'आजकल कुनै अन्य प्रयोजनका लागि नगरपालिकाको कर्मचारीले कुनै खाली ठाउँको अवलोकन गर्दा समेत नजिकका स्थानीयहरू जम्मा भई हाम्रो ठाउँलाई टेकु तथा सिसडोल (स्मरण रहोस् टेकु तथा सिसडोल काठमाडौंको फोहोर व्यवस्थापनको क्रमका ट्रान्सफर स्थल र अन्तिम विसर्जन स्थल हुन्) बनाउन खोजेको भनेर नाराजुलुस गर्ने स्थिति छ, अझै फोहोर व्यवस्थापनका लागि भनेर जग्गा पहिचानको लागि समुदायमा जान सक्ने अवस्थै छैन।' हाम्रो व्यवस्थापकीय कमजोरी तथा कमजोर नियमनकारी भूमिकामा बदलाव ल्याउन त जरुरी छ नै, साथै फोहोर व्यवस्थापनको कुरा गर्ने बित्तिकै सिसडोल बनाउन खोजेको भन्ने नगरबासीको बुझाइ परिवर्तन गराउन पनि उत्तिकै आवश्यक छ।

*पाठक वातावरण, ऊर्जा तथा जल अनुसन्धान केन्द्रका उपाध्यक्ष हुन्।*
drpathak@esarcnepal.com